स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



तीन महिनाअघि सार्वजनिक 'काउली' बोलको गीतलाई स्रोता एवं दर्शकले रुचाए । वरिष्ठ अभिनेता हरिवंश आचार्यले आफ्नै शब्द, संगीत र स्वरमा यो गीत ल्याएका थिए । यसमा उनको र लोकदोहोरी क्षेत्रकी चर्चित गायिका शान्तिश्री परियारको युगल स्वर छ । यी दुईको पहिलो सहकार्य रहेको उक्त गीत केही समयअघि नै करोड क्लबमा प्रवेश गरिसकेको छ । पहिलो सहकार्य सफल भएसँगै अब, हरिवंश र शान्तिश्रीको स्वरमा अर्को गीत पनि आउने तयारीमा छ ।

आजको विचार...



वैकल्पिक...
(दुई पेजमा)

डा. डीआर उपाध्याय

निर्देशक दिवाकर भट्टराईले निर्देशन गर्न लागेको फिल्म 'मायावी'को शीर्ष भूमिकामा आशिर्वाद बराल र दीपिका प्रसाईंले जोडी बाँध्ने भएका छन् । यो रोमान्टिक फिल्मको पटकथा लेखन र निर्देशन भट्टराईकै हुनेछ । आशिर्वाद र दीपिकाले अनस्क्रिन रोमान्स गर्नेछन् । मनसुन सकिएपछि छायांकन तयारीमा रहेको यो फिल्मलाई रोमान्टिक जनरामा राखिएको छ । दिवाकरले लामो समयदेखि रोकिएको आफ्नो अघिल्लो प्रोजेक्ट 'तिमीसँगै हुने मन छ'अघि 'मायावी'को निर्देशन गर्नेछन् ।



❑ वर्ष २८ ❑ अंक ३१७ ❑ २०८० जेठ ३२ गते बिहीबार 15 June 2023, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# 'रक्तदान गर्न मानिसहरु अझै हिचकिचाउन्छन्'

कृष्ण पोखरेल

**पाल्पा,** जेठ ३१/मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले रक्तदान जीवनदान भए पनि चेतना अभावले गर्दा अझै पनि माननिसहरु रक्तदान गर्न हिचकिचाउने गरेको बताएका छन् ।

रक्तदाता दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले आयोजना गरेको जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगितालाई तानसेनमा सम्बोधन गर्दै उनले चेतना नहुँदा मानिसहरु अझै पनि रक्तदान गर्न हिचकिचाउने गरेको बताएका हुन् । 'रक्तदान गर्न मानिसहरू अझै पनि हिचकिचाउने अवस्था छ,' उनले भने, 'सचेतनामूलक कार्यक्रम गर्दा रक्तदान गर्नुपर्छ भन्ने भावना जागृत हुन्छ त्यसैले सचेतनामूलक कार्यक्रम गर्न जरुरी छ ।' रक्तदान जीवनदान भएकाले यस विषयमा विद्यालय र गाउँ-गाउँकामा पुगेर सचेतना गर्नुपर्नेमा उनले जोड दिए ।




पूर्वप्रधानन्यायाधीशसमेत रहेका रेग्मीले रक्तदानमा मानिसहरुलाई सहभागी गराउन विद्यार्थीमार्फत जनचेतना फैलाउन वक्तृत्वकला प्रतियोगिताले मत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले वर्तमान शिक्षा प्रणाली समेत नेपाल सुहाउँदो नभएको बताए । उनले शिक्षा प्राणालीललाई सुधार गर्न स्थानीय, प्रदेश र संघीय सरकारले विशेष ध्यान दिनुपर्ने बताए । प्रदेश सभासदस्य खेमबहादुर सारुले रेडक्रसले शुरु गरेको रक्तदान अभियानले सबैपक्षबाट साथ सहयोग पाउने बताए । विद्यार्थीमार्फत रक्तदान अभियान जिल्लाको कुना-कुनामा पुग्ने प्रदेश सभासद सारुले बताए । कार्यक्रममा तिनाउ गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोला, रेडक्रस पाल्पाका निवर्तमान सभापति बुद्धि प्रसाद शर्मा, पत्रकार महासंघका उपाध्यक्ष भरत शर्मा, पाल्पाली संगम अमेरीका पाल्पाका संयोजक दिनेश घिमिरे लगायतले रेडक्रसले शुरु गरेको रक्तदान अभियान सफल बनाउन सहयोग गर्ने बताए । विश्व रक्तदान दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले पाल्पाली संगम अमेरिका र ब्लड डोनर्स अफ अमेरिकाको सहयोगमा जिल्लास्तरीय 'रक्तदान जीवनदानमा युवाहरुको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा आयोजना गरेको हो । जसमा रामतुल्सी माध्यमिक विद्यालय रामपुरकी सुरक्षा घिमिरे प्रथम भएकी छन् । न्यू होराइनज विद्यालय तानसेनकी कृशिला ढुंङ्गाना दोस्रो भएकी छन् भने दमकडा नमुना माध्यमिक विद्यालयकी सपना भण्डारी तेस्रो भएकी छन् । प्रतियोगितामा प्रथम भएकी रामतुल्सी माविकी घिमिरेले नगद ५० हजार, दोस्रो भएकी न्यू होराइजन स्कुलकी ढुंङ्गानाले नगद ३० हजार, र तेस्रो भएकी दमकडा नमुना विद्यालयकी भण्डारीले नगद २० हजार पुरस्कार पाएकी छन् । विजेताहरुलाई मन्त्रीपरिषदका पुर्व अध्यक्ष खिलराज रेग्मी, प्रदेश सदस्य खेम बहादुर सारु, रेडक्रस पाल्पाका सभापति बाबुराम कार्कीले पुरस्कार वितरण गरे । प्रतियोगितामा जिल्लाका १० वटै पालिका बाट १९ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । पालिका भित्रका विद्यालय विद्यालयबिच प्रतिष्पर्धा बाट उत्कृष्ट भएका विद्यार्थीहरुलाई प्रतियोगितामा सहभागी गराइएको थियो । प्रतियोगितामा टंक पन्तको संयोजकत्वमा गणेश ज्ञवाली र शिखा पहाडीले निर्णयको भूमिका निर्वाह गरेका थिए । रेडक्रस पाल्पाका सभापति बाबुराम कार्कीको सभापतित्व, उपसभापति भिमसेन कार्कीको स्वागत र मन्त्री केशवराज नेपालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## संक्षिप्त समाचार

### तानसेन-रानीमहल सडक बन्द

**पाल्पा,** जेठ ३१/तानसेनदेखि रानीमहलसम्म जोड्ने सडक आजदेखि असार १५ गतेसम्म पूर्णरुपमा बन्द हुने भएको छ । तानसेन-रानीमहल सडक खण्डको अवलमा बाटो ढलान गर्ने काम चलिरहेकाले असार १५ सम्मका लागि सडक बन्द हुने भएको हो ।

सडक पूर्वाधार विकास कार्यालय पाल्पाका कार्यालय प्रमुख अरुण गुप्ताद्वारा जारी गरिएको सूचनामा उक्त क्षेत्रको सडक बन्द गर्न लागिएको जनाइएको छ । सूचनामा उक्त समयअवधिभर वैकल्पिक सडकको प्रयोग गरी निमार्ण कार्यमा सहयोग गर्न सबैलाई अनुरोध समेत गरिएको छ । यो सडक बन्द रहे पनि रानीमहल जाने पर्यटकहरु वैकल्पिक सडकको रुपमा अर्गली- कुडापानी, अर्तुङ्गा -छेर्लुङ्ग हुँदै रानीमहल र चिलाङ्दी-खानीगाउँ, दैलातुङ्ग हुँदै रानीमहल जान सक्नेछन् । पूर्वाधार सडक कार्यालयले यस अघि पनि कालोपत्रे, ठाउँ-ठाउँमा मर्मत सम्भारको लागि भन्दै वैशाख १५ गतेदेखि २१ गतेसम्म सडक बन्द गरेको थियो । लुम्बिनी प्रदेश सरकारले रानीमहलसम्म पुग्ने पर्यटकको सहज यातायातका लागि सडक कालोपत्रेको योजना स्वीकृत गरी विगत दुई वर्षदेखि नियमित काम गर्दै आएको छ ।

## पाल्पाबाटै सवारी लाइसेन्स परीक्षा आवेदन




**पाल्पा,** जेठ ३१/पाल्पामै पहिलो पटक सवारी चालक अनुमति पत्र (लाइसेन्स) परीक्षाको लागि आवेदन खुला गरिएको छ । यातायात व्यवस्था सेवा कार्यालय पाल्पाले जेठ ३० गतेदेखि अनलाइन प्राणालीमार्फत मोटरसाइकल र स्कुटीको लाइसेन्सको लागि आवेदन खुला गरेको जनाएको छ ।

कार्यालयले एक सूचना जारी गर्दै मोटरसाइकल तर्फ वर्ग (A) र स्कुटरतर्फ वर्ग (K) को नयाँ लाइसेन्स जारी गर्न आवेदन खुला गरिएको जनाएको छ । लाइसेन्सका लागि परीक्षा दिने प्रशिक्षार्थीले अनलाइनमार्फत परीक्षा दिन सक्ने कार्यालय प्रमुख केशव सुनारले जानकारी दिए । तानसेन -७ बर्तुंङमा रहेको सेवा कार्यालयबाट उक्त सेवा दिइने छ । कार्यालय जेठ ४ गतेदेखि लाइसेन्स नविकरणको सेवा समेत दिइरहेको छ । जिल्लाबाटै लाइसेन्स दिने र नविकरणको सेवा सुरु भएसँगै सेवाग्राहीलाई सहज भएको छ । लाइसेन्सको सम्पूर्ण कामका लागि बुटवल, पोखरा जानुपर्ने बाध्यता हटेको भन्दै सवारी चालकहरु समेत उत्साहित भएका छन् ।

पाल्पामा सवारी चालक परीक्षण केन्द्र (ट्रायल सेन्टर) को समेत निर्माण भएको छ । यातायात व्यवस्था सेवा कार्यालयले तानसेन नगरपालिका ७, ठाँटी क्षेत्रमा ट्रायल सेन्टर निर्माण गरेको हो । यातायात व्यवस्था विभागको स्विकृती पछि ट्रायल सेन्टरको सेवा समेत सञ्चालनमा ल्याइने यातायात व्यवस्था कार्यालय पाल्पाका प्रमुख सुनारले बताए । सेन्टरको २०७८ चैतमा लुम्बिनी प्रदेश श्रम, रोजगार तथा यातायात व्यवस्थामन्त्री पूर्मती ढेंगाले शिलान्यास गरेकी थिइन् । ट्रायल सेन्टरबाट पाल्पा, गुल्मी, स्याङ्जा, अर्घाखाँचीका बासिन्दा लाभान्वित हुनेछन् ।

## प्रेस युनियन पाल्पाद्वारा प्रकाशित श्रमजीवीको अंक सार्वजनिकीकरण

**पाल्पा,** जेठ ३१/प्रजातान्त्रिक पत्रकारहरुको छाता संगठन नेपाल प्रेस युनियन पाल्पा शाखाद्वारा प्रकाशित श्रमजीवी बुलेटीनको अंक सार्जनिकीकरण गरिएको छ । युनियनले बुधबार एक औपचारिक कार्यक्रमकाबिच बुलेटीनको वर्ष १०, अंक १ को सार्वजनिकीकरण गरेको हो ।



युनियनले विगत १० वर्षदेखि बुलेटीनलाई निरन्तरता दिदै आएको छ । युनियनको नवौं अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वले बुलेटीनको पहिलो अंक सार्वजनिकीकरण गरेको हो । बुलेटीनको नेपाली काँग्रेस पाल्पाका कार्यवाहक सभापति झपेन्द्र गहिरे, प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष, माधव अर्याल, युनियनका जिल्ला अध्यक्ष मन गहिरे लगायतले संयुक्त रुपमा सार्वजनिकीकरण गरेका हुन् । बुलेटीनको अंक सार्वजनिकीकरण गर्दै प्रमुख अतिथि तथा नेपाली काँग्रेस पाल्पाका कार्यवाहक सभापति झपेन्द्र गहिरेले युनियनले बुलेटीनलाई निरन्तर दिर्दै आएकोमा खुसी व्यक्त गरे । उनले श्रमजीवी वर्ग र युनियनको संस्थागत विकासमा बुलेटीनले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएकोले बुलेटीनलाई निरन्तरता दिन युनियनलाई आग्रह गरे । युनियन पाल्पा शाखाका संस्थापक सभापति समेत रहेका गहिरेले पत्रकारहरुको सुरक्षाको लागि राहतकोष स्थापना गर्न युनियनलाई सुझाव दिए । उनले भने,'पत्रकार विरामी हुँदा होस् वा दुर्घटनामा पर्दा उनीहरुका लागि कम्तीमा पनि जोखिम बहन गर्न सक्ने गरी राहतकोष स्थापना गर्नुहोस् , त्यसका लागि मैले १० हजार सहयोग गर्ने छु ।' विशिष्ट अतिथि प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव आर्यालले आफु युनियनको सचिव हुँदा शुभारम्भ गरिएको श्रमजीवीले अहिले पनि निरन्तरता पाएकोमा गर्व लागेको बताए । उनले युनियनमा आवद्ध पत्रकारहरुको सुरक्षाको लागि दुर्घटना बीमाको व्यवस्था गर्न युनियनलाई सुझाव दिए । उपाध्यक्ष अर्यालले भने,'पत्रकारहरुको सुरक्षाका लागि कम्तीमा दुर्घटना बीमा गरिदिन सकियो भने युनियनप्रति सदस्यहरुको अपनत्व बढ्ने छ ।' युनियनले बीमाको व्यवस्था गरेमा आफुले बीमा राहतकोषमा १० हजार सहयोग गर्ने समेत उनले प्रतिवद्धता व्यक्त गरे । अर्यालले पत्रकार महासंघको सदस्यता सुदृढीकरणमा युनियनले सहयोग गर्ने केन्द्रीय निर्णय भएको बताए । नेपाली काँग्रेस गुल्मीका सचिव जगदीश भट्टराईले मिडियाहरु अत्यन्त चुनौतीकाबिच गुज्री रहेका बेला श्रमजीवी बुलेटीनले निरन्तरता पाउनु ठूलो कुरा रहेको बताए । पछिल्लो समय पत्रकारहरु राजनीतिक नेतृत्व तहमा पुगेका बेला पत्रकार महासंघले सदस्यता सुदृढीकरणको अभियान चलाएको प्रति लक्षित उनले पत्रकारले राजनीतिक गर्न हुने तर समाचारले राजनीति गर्न नहुने धारणा व्यक्त गरे । युनियन पाल्पा शाखाका पूर्व सभापति समेत रहेका भट्टराईले भने,'विचारले आफु कुनै राजनीतिक दलको नेतृत्व तहमा भए पनि मिडिया चलाएर निरन्तर समाचारहरु लेख्दै आएको छु, समाचारले कहिल्यै पनि राजनीतिक गरेको छैन् ।' काँग्रेस पाल्पाकी सचिव सुनिता अधिकारीले श्रमजीवीहरुको पक्षमा निरन्तर कलम चलाउन पत्रकारहरुलाई आग्रह गरिन् । उनले प्रेस युनियन पार्टीको शुभेच्छुक संस्था भएकाले पनि काँग्रेस र लोकतन्त्रलाई बलियो बनाउने दिशामा लाग्नुपर्नेमा जोड दिइन् । कार्यक्रममा बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी, पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापा, माथागढी गाउँपालिकाका अध्यक्ष यम चिदी, तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठ, रिब्दीकोट गाउँपालिकाकी उपाध्यक्ष कान्ता अधिकारी लगायतका जनप्रतिनिधिले मिडिया र स्थानीय सरकारबचि नङ्ग मासुको जस्तै सम्बन्ध हुनुपर्ने भन्दै स्थानीय मिडिया सवलीकरणमा स्थानीय सरकारले समेत चासोका साथ हेरेको बताए । कार्यक्रममा युनियनका निवर्तमान सभापति भरत शर्मा, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पत्रकार महासंघका जिल्ला सचिव यज्ञमूर्ति तिमिल्सीना, नेपाल ट्रेड युनियनका जिल्ला उपाध्यक्ष सुनिल बूढाथोकी लगायतले समाचारमा कपी पेष्टलाई निरुत्साहित गर्दै सोध, खोज र अनुसन्धान गरी सत्य तथ्य समाचार मात्र संप्रेषण गर्न पत्रकारहरुलाई आग्रह गरे । युनियनका उपाध्यक्ष रामचन्द्र रायमाझीले श्रमजीवी बुलेटीनले श्रमजीवी पत्रकारसँगै संगठित तथा असंगठित रुपमा रहेका श्रमिक वर्गहरुका आवाजहरुलाई समेट्दै आएको बताए । युनियनका अध्यक्ष मन गहिरेको अध्यक्षता, उपाध्यक्ष विष्णु खनालको स्वागत, सचिव विष्णु घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## रगत अभावमा कोही मर्न नपरोस्

विश्व रक्तदाता दिवस बुधबार देशभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । हरेक वर्षको जुन १४ का दिन विश्वभरका देशले विश्व रक्तदाता दिवस मनाउने गर्छन् । यस दिवसमा सुरक्षित रगत र रगत उत्पादनको आवश्यकताबारेमा सचेतना जगाउन र रक्तदान गर्न प्रेरित गर्दै आइएको छ । रक्तदातालाई धन्यावाद दिने दिनका रुपमा पनि यो दिवस मनाउने गरिन्छ । यस वर्ष 'नियमितरूपमा रगत तथा प्लाज्मा दान गरौं, जीवन बचाउने कार्यमा हातेमालो गरौं' भन्ने नाराका साथ दिवस मनाइएको छ । नाराले जीवनपर्यन्त रगत आवश्यक पर्ने बिरामीलाई रगत र प्लाज्मा दान गरेर सहयोग गर्न हरेक व्यक्तिले खेल्ने भूमिकाको महत्वलाई दर्शाएको छ । तर विडम्बना वर्षौंदेखि 'रक्तदान जीवनदान, रक्तदान महादान' भनेर प्रचार गरिए पनि अझै एक प्रतिशतले पनि रक्तदान गर्ने गरेको पाइँदैन ।

नेपालमा कूल जनसंख्याको शून्य दशमलव ८ प्रतिशतले मात्र रक्तदान गर्ने गरेको पाइन्छ । त्यसमा पनि धेरैले नियमित रक्तदान गरेको पाइँदैन । रक्तदातामध्ये करिब १७ प्रतिशत महिला छन् र पुरुष ८३ प्रतिशत रहेका छन् । रक्तदान गर्दा दुर्वल वा कमजोर भइन्छ, अनेक रोग सर्छ र गरिरहेको काममा ह्रास आउँछ भन्ने गलत सोचका कारण पनि रक्तदान गर्न योग्य व्यक्तिहरु हिच्किचाउने गर्दछन् । रक्तदान गर्नाले अरूको जीवनमात्र बच्दैन, रक्तदान गर्ने व्यक्ति स्वयम्को शरीरसमेत स्वस्थ रहन्छ भन्ने जानकारीको अभाव रहेको छ । यस्तो अवस्थामा रगत बारे सबै वर्ग र क्षेत्रका मानिसमा सचेतना जगाउनु आवश्यक छ । पछिल्लो समय रगतको अभाव बढ्दै गएको छ । दैनिक रुपमा अस्पतालमा रगत खोज्ने बिरामीका आफन्तको संख्या बढ्दो छ । तर मागअनुसार आपूर्ति भने निकै कम छ । यसले गर्दा आममानिसमा रगतको माग र आपूर्तिको सन्तुलन मिल्न सकेको छैन । यो अत्यन्त दुखको कुरा हो । दिनहुँ बढ्दै गइरहेको दुर्घटना तथा प्राकृतिक विपद् लगायतका कारणले रगतको मागमा अत्यधिक वृद्धि भइरहेको छ । तर रगत आपुर्ति गर्ने दिशामा भने कसैको पनि चासो छैन् । चोटपटक लागेका बिरामी, दुर्घटनामा परेका व्यक्ति, आपत्कालीन एवं प्रकोपका बेला, उन्नत शल्यप्रक्रियामा रहेका बिरामीहरू आदिलाई रगत आवश्यक पर्दछ । तिनीहरुलाई तत्काल रगत उपलब्ध गराउन सकियो भने धेरै मानिसको ज्यान बचाउन सकिन्छ । यसर्थ रक्तदान गर्न उत्प्रेरित गर्ने र रक्तदाताहरुलाई उचित किसिमले प्रोत्साहन गर्न सकियो भने रगत अभावमा कोही पनि मर्न पर्दैन । यसतर्फ सरकार र सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

आफ्नो सम्झिए त संसार नै आफ्नो होनी
टाढा सम्झिए चाहे एउटै छत मुनी बस्ने पनि पराई नै हुन्छन्...!
(प्रकाश ज्ञवालीको फेसबुक स्टाटस https://www.facebook.com/prakash.gyawali)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वैकल्पिक राजनीतिक शक्तिको उदय र वैचारिक बहस



डा. डीआर उपाध्याय

*निर्वाचनका बेला एमालेले पनि ठूलाठूला कुरा गरेको थियो तर परिणाम उसले सोचेजस्तो आएन । न त सत्ता गठबन्धनले सोचेजस्तो आयो । जनतालाई नयाँ पुस्ताको नयाँ दलमाथि विश्वास बढिरहेको देखिन्छ । गत आमनिर्वाचन मतपरिणामले मुलुकमा राजनीतिक अस्थिरता बोकेर आयो । किनभने कुनै दलको स्पष्ट बहुमत नआएपछि कुनै पनि बेला सत्ता बन्ने र ढल्ने खेल सुरु हुन्छ । त्यस्ता गतिविधिले राजनीतिमा अस्थिरता निम्त्याउँछ । देशमा राजनीतिक अस्थिरता भयो भने विकासको गति रोकिन्छ । अहिलेसम्म हाम्रो देशमा यस्तै भइरहेको छ । परिवर्तनपछि जनताले देशको मुहार फेरिन्छ भन्ने सोचेका थिए तर पूरै त्यसो हुन सकेन । त्यसकारण जनतामा वितृष्णा बढेको छ । लोकतन्त्रमा जनमतको सबैले कदर र सम्मान गर्नुपर्छ । लोकतन्त्रको सुन्दर पक्ष नै यही हो । गएको आमनिर्वाचनको मुख्य सन्देश पनि यही हो । यसले यथास्थितिप्रतिको असन्तोष पोखेको छ । लोकतन्त्रमा निर्विकल्प कोही छैन भन्ने सन्देश गत निर्वाचनले दिएको छ । वैकल्पिक राजनीतिक शक्तिको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भएको छ ।*

गत भएको आमनिर्वाचनको मतपरिणाम त्यति राम्रो आएन । राजनीतिक दलहरूको अपेक्षाभन्दा फरक मतपरिणाम आउनाले राजनीतिक अस्थिरता निम्तिएको छ । यो देशका लागि ठूलो दुर्भाग्य हो । सत्ता गठबन्धन मुलुक बर्बाद गर्न लागिपरिरहेका छन् । मिलिजुली खाने र देशलाई थोत्रो बनाउने कामबाहेक गठबन्धनले अरू के गरेको छ ? देश पूरै आर्थिक संकटमा परिरहेको छ । गठबन्धन सरकारलाई मुलुकप्रति कुनै चिन्ता छैन । यदि मुलुकप्रति कुनै चिन्ता भएको भए के यो देश यही अवस्थामा रहिरहन्थ्यो ? कुनै पनि एक दलले दुई तिहाइ बहुमत ल्याउन नसकेर यो हविगत भएको हो । यता नेकपा एमाले पनि सत्तामा जान नपाएर छट्पटाएको छ । यो आखिर किन भइरहेको छ ? कारण के हो भने सत्तादेखि बाहिर बस्नु भनेको दलहरूका लागि पानीविनाको माछो जस्तो हुनु हो । पहिला सत्तामा बसेर लुटेको झल्झल्ती सम्झिरहन्छन् नेताहरू । लुट्न पल्केकाहरूलाई छट्पटी हुनु स्वाभाविक हो । कुनै पनि दलले देश बनाउन सकेनन् । जनमत आफ्नो पक्षमा पार्न जस्तोसुकै पाप गर्न पनि दलहरू तयार भए । तर, सरकारमा पुगेपछि सबै कुरा बिर्सेर बसेका छन् । यस्तो पनि राजनीति हुन्छ ? राजनीतिका कुरा गर्दा अहिले घिनलागेर आउँछ । राजनीति फोहोरी खेलमा परिणत भयो । यो सफा नगरेसम्म नयाँ पुस्ता राजनीतिमा आर्कषित हुने अवस्था न्यून देखिन्छ ।

युवा शक्ति विदेश पलायनको लहर चलिरहेको छ र अझै चलिरहने छ । निर्वाचनका बेला एमालेले पनि ठूलाठूला कुरा गरेको थियो तर परिणाम उसले सोचेजस्तो आएन । न त सत्ता गठबन्धनले सोचेजस्तो आयो । जनतालाई नयाँ पुस्ताको नयाँ दलमाथि विश्वास बढिरहेको देखिन्छ । गत आमनिर्वाचन मतपरिणामले मुलुकमा राजनीतिक अस्थिरता बोकेर आयो । किनभने कुनै दलको स्पष्ट बहुमत नआएपछि कुनै पनि बेला सत्ता बन्ने र ढल्ने खेल सुरु हुन्छ । त्यस्ता गतिविधिले राजनीतिमा अस्थिरता निम्त्याउँछ । देशमा राजनीतिक अस्थिरता भयो भने विकासको गति रोकिन्छ । अहिलेसम्म हाम्रो देशमा यस्तै भइरहेको छ । परिवर्तनपछि जनताले देशको मुहार फेरिन्छ भन्ने सोचेका थिए तर पूरै त्यसो हुन सकेन । त्यसकारण जनतामा वितृष्णा बढेको छ । लोकतन्त्रमा जनमतको सबैले कदर र सम्मान गर्नुपर्छ । लोकतन्त्रको सुन्दर पक्ष नै यही हो । गएको आमनिर्वाचनको मुख्य सन्देश पनि यही हो । यसले यथास्थितिप्रतिको असन्तोष पोखेको छ । लोकतन्त्रमा निर्विकल्प कोही छैन भन्ने सन्देश गत निर्वाचनले दिएको छ । वैकल्पिक राजनीतिक शक्तिको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भएको छ । यद्यपि यो पुराना राजनीतिक दल र नेतृत्वका लागि सुधारको जबर्जस्त दबाब हो । जनमत पार्टी संघीय संसद्मा एक सिटमा मात्र उपस्थित छ । यद्यपि जनमतको हिसाबले तराई मधेसको वैकल्पिक शक्तिको रूपमा विकास हुने सम्भावना प्रबल छ । गत निर्वाचनले सबैभन्दा बढी अस्तित्वको संकटतर्फ धकेलेको माओवादी केन्द्र, जसपा, लोसपा र एकीकृत समाजवादीलाई हो । सत्ताको आडमा शक्ति आर्जन गर्न खोज्दा उनीहरू जनताबाट धेरै टाढा पुगिसकेको निर्वाचनको परिणामले पनि देखाउँछ । विगतको समीक्षा गर्दै पार्टी पुनर्गठन र एकताको निम्ति अग्रसर नहुने हो भने यी पार्टीहरूको भविष्य संकटमा पर्ने निश्चित छ । यस सन्दर्भमा एकीकृत समाजवादीले तत्काल एमालेसँग एकताको बाटोमा लाग्नु नै राम्रो देखिन्छ ।

माओवादीले पनि एकताका लागि गम्भीर भएर सोच्नुपर्छ । यस्तै जसपा र लोसपा पनि मिल्नुपर्छ । गत निर्वाचनले संसद्मा कुनै दललाई बहुमत दिएन । दुई ठूला दलबाहेक अरू कुनै दुईवटा दल मिलेर सरकार बनाउन सक्ने अवस्थासमेत बनेन । यसले मुलुकलाई अघिल्लो पटकभन्दा पनि बढी अस्थिरतातर्फ धकेल्ने संकेत देखाउँछ । अहिलेको परिदृश्य हेर्दा पाँच वर्षभित्र सरकार बनाउने र ढाल्ने खेलमै बढी समय व्यतीत हुने अवस्था छ । यसले प्रणालीप्रति जनविश्वास घट्दै जानेछ । राष्ट्रिय हित र लोकतन्त्रका निम्ति यो राम्रो संकेत होइन । मुलुकलाई स्थिरता, सुशासन र समृद्धिको यात्रामा हिँडाउने जिम्मेवारी राजनीतिक दलको हो । लोकतन्त्रलाई बलियो बनाउन दलहरू गम्भीर बन्नुपर्छ । विद्यमान चुनौतीको सामना गर्न लोकतन्त्रवादी शक्तिबीच बलियो सहकार्य हुन आवश्यक छ । यी लोकतन्त्रवादी राजनीतिक शक्तिहरूले न्यूनतम समझदारी नदेखाउने हो भने फेरि बाह्य शक्तिको चलखेल बढ्ने निश्चित छ । त्यसको संकेत देखिइसकेको छ । यदि लोकतन्त्रवादी राजनीतिक शक्तिहरू गम्भीर नबन्ने हो भने जनताको ठूलो बलिदानबाट प्राप्त उपलब्धि गुम्ने, लोकतन्त्र नै खतरामा पर्ने र मुलुक अकल्पनीय संकटमा धकेलिने स्थिति आउन सक्छ । गएको निर्वाचन मतपरिणाम हेर्दा नेपाली जनताले परिवर्तन चाहेको देखियो । व्यवस्था परिवर्तन भएको धेरै वर्ष भइसक्यो तर जनताको अवस्थामा परिवर्तन आउन नसक्दा जनताले परिवर्तन खोजेका हुन् ।

राजनीतिक दलहरू सरकारमा पटक-पटक गए तर जनताको मर्म बुझ्ने खालको कुनै काम हुनसकेन । त्यसो भएर पनि जनता असन्तुष्ट छन् । देशमा सुशासन कायम हुन नसके विकासको गति अगाडि बढ्न सक्दैन । २०७४ सालको आमनिर्वाचनमा नेपाली जनताले कम्युनिष्टलाई बहुमत दिए तर कम्युनिष्टले सहज बहुमत भएर पनि राज्यसत्ता चलाउन सकेनन् । सत्ता स्वार्थको राजनीतिलाई लिएर कम्युनिष्ट पार्टीका नेताहरूबीच विवाद चुलिँदै गएपछि अन्ततः एक ठाउँ रहन सकेनन् । माधव नेपालले पार्टी नै फुटाए । आज कम्युनिष्टहरू अलग-अलग हुँदा धेरै कमजोर देखिएका छन् । कम्युनिष्ट पार्टीका नेताहरू पदका लागि फुट्छन् । यो कुरा इतिहासले प्रष्ट पार्दै आएको छ । कम्युनिष्टहरू पटक-पटक सरकारमा गए जनताको पक्षमा के काम गरेर देखाए ? यी कुरा जनताले बुझिरहेका छन् । जुन सुकै पार्टी पनि लोकप्रिय हुन जनहितका लागि काम गरेको हुनुपर्छ । जनहितमा काम नगर्ने पार्टी आफैं सकिन्छन् । देशमा युवाहरू रोजगारीको अवसर नपाएर विदेशिन बाध्य छन् । देशमा भएका राजनीतिक दल र तिनका नेताहरूप्रति जनताको वितृष्णा छ । त्यसैले स्थानीय तहको निर्वाचनमा बालेन र हर्कहरूको उदय भयो । गत निर्वाचनमा नयाँ दलहरूको उदय भएको छ । राजनीतिक दलबाट वाक्कदिक्क भएका नागरिकले मतदानमार्फत असन्तुष्टि पोखे । गएको निर्वाचनमार्फत केही नयाँ उम्मेदवार संसद्मा प्रवेश गरेका छन् र संसद्भित्र जनताका आवाज बुलन्द पनि गरिरहेका छन् । अहिलेसम्म मुलुकले राजनेता र दर्बिलो नेतृत्व पाउन सकेको छैन । त्यसो भएर पनि देशमा समस्या आएको हो । तीन दशकदेखि राजनीतिमा रहेका तिनै पुराना नेताहरू फेरि दोहोरिएर आएका छन् । अब जनताले उनीहरूबाट के आस गर्ने ? देशको विकास र सुशासन दिन नसकेको नेतृत्व नै फेरि दोहोरिएर आउनुभनेको देशका लागि दुर्भाग्य हो । हामीले कस्तो देश बनाउन चाहेको हो ? अब सोच्नुपर्ने बेला भएको छ । कुरा गरेरमात्र हुँदैन, जनता परिणाम खोजिरहेका छन् । नेताका भाषणमा जनताको कुनै विश्वास छैन । अहिलेको यो अवस्थामा जनता आफैं सचेत छन् । अहिलेको सत्तागठबन्धनमा रहेका नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी लगायत दल सबै मिल्दा पनि सुविधाजनक बहुमत ल्याउन सकेनन् । यद्यपि, उनीहरूले निर्वाचनमा होमिँदा सत्तागठबन्धनको दुई तिहाइ आउने दाबी गरेका थिए तर जनताले उनीहरूको दाबीलाई भने पूर्णरूपमा अस्वीकार गरेर देखाइदिए । पाँचवटा राजनीतिक दल मिलेर निर्वाचनमा जाँदा पनि बहुमत ल्याउन नसक्नु भनेको उनीहरू पूर्णरूपमा असफल हुनु नै हो । अझै राजनीतिक दल सुध्रिने अवस्थामा देखिँदैनन् । उनीहरू सुध्रिनै चाहँदैनन् । एकले अर्कालाई सिध्याउने खेलमा दल छन् जुन निकै घातक हो । यसले कसैलाई पनि फाइदा गर्दैन । राजनीति समाजसेवाभन्दा पनि व्यापार व्यवसाय जस्तै हुन पुगेको छ । उनीहरूलाई जनताका गुनासा तथा समस्या सम्बोधन गर्न कुनै ध्यान नै पुगेको देखिँदैन । दलहरूले आफ्नो स्वार्थबाहेक अरू केही हेरेनन् । जसले गर्दा देश अघि बढ्न सकेन । विचार मिल्ने दलहरू एक ठाउँमा उभिनुपर्ने अवस्था देखियो । राजनीतिक ध्रुवीकरण अब ढिलो चाँडो हुन्छ हुन्छ । वैकल्पिक राजनीतिक शक्तिको उदय अबको आवश्यकता हो र यसमा घनीभूत रूपमा वैचारिक बहस चलाउनुपर्ने जरुरी छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अन्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सुझावलाई बेवास्ता गर्दा दुःख पाइन सक्छ र काममा अवरोध आउने छ । | **तुला** : बुद्धिको उपयोग गर्नाले जटिल कामसमेत सम्पादन हुन सक्छ । |
| **वृष** : मन लागेको कुरा खरिद गर्न सकिन्छ। आफन्तले काममा सहयोग गर्नेछन् । | **वृश्चिक** : अवसर आउनाले मन प्रसन्न रहनेछ । रमाइलो यात्रा होला । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । | **धनु** : जटिल काम सम्पादन हुनेछ। प्रतिस्पर्धामा सफलता मिल्न सक्छ । |
| **कर्कट** : कुनै कुराले मनमा शान्ति छाउनेछ । मंगल कार्यको योग छ । | **मकर** : परिश्रम अनुसार उपलब्धि पाइनेछ। चिताएको कामले तीव्रता लिनेछ। |
| **सिंह** : आफन्त सँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ। | **कुम्भ** : हर्षका साथ समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास हुनेछन् । |
| **कन्या** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । स्वास्थ्य सबल रहनेछ । | **मीन** : समस्यामा अल्झिनुपर्ने देखिन्छ। स्वास्थ्य प्रति सजग रहन जरूरी छ । |




बाल कथा

# घृणाले आफैलाई घात गर्छ



कसैप्रति वैरभाव गर्नु, नराम्रो भावना राख्नु, नराम्रो आँखाले हेर्नु, दुर्वचन बोल्नु, कसैलाई तिरस्कार गर्नु, होच्याउनु, कसैको बदख्याइँ गर्नु जस्ता सबै किसिमका बोली र व्यवहार घृणाको परिभाषाभित्र पर्छन् । यस्ता व्यवहारले अरूलाई त खासै फरक पर्दैन । किनकि त्यस्तो कुरा उनीहरूले लिँदैनन् तर जसले त्यस्तो व्यवहार गरेको छ उसैलाई भने हानि र नोक्सानी गर्छ । यो यस्तो रोग हो, जसले जीवनमा सबै किसिमको उन्नति र प्रगतिको मार्ग अवरुद्ध गरिदिन्छ । भाइबहिनीहरूको जानकारीका लागि सत्य घटनामा आधारित यहाँ यस्तै एउटा कथा प्रस्तुत गरिएको छ ।

धेरै पहिलेको कुरा हो । कुनै समयमा स्वामी आनन्द नामका सज्जन लाहोरबाट प्रकाशित हुने 'दैनिक मिलाप' नामको पत्रिकामा काम गर्थे । त्यस पत्रिकाको सम्पादक नै उनै थिए । उनी सन्न्यासी थिए, सन्न्यासी धर्मअनुसार बरोबर अज्ञात स्थानमा गएर ध्यान साधना गर्ने गर्थे । यसो गर्दा उनलाई आनन्द मिल्थ्यो, काममा ताजगी । यसैका लागि एक पटक काँगडातिर लागेका थिए । यस पटक भने भइदियो के भने उनी काँकडाको जंगलमा पर्ने कुनै गुफामा बसेर ध्यान साधना गर्न त लागे तर ध्यान लाग्न भने सकेन । कारण त्यतिबेला उनको लाहोरका एक प्रतिष्ठित व्यपारीसित कुनै विषयलाई लिएर वैमनस्य बढ्दै गएको थियो । उनी जब आँखा चिम्लेर ध्यानमा बस्थे तब मनमा उनै व्यापारीको व्यवहार सम्झना आउने गथ्यो । उनी त त्यसलाई हटाउन चाहन्थे तर मनबाट भने मरिकाटे हट्दैनथ्यो । जति हटाउन खोज्यो उति बढेर आउँथ्यो । जति नै प्रयास गर्दा पनि केही नलागेपछि गहिरो सोचमा परे । ठिक त्यही बेला उनको अन्तरात्माले चेतावनी दिँदै भन्यो-

*कुनै समयमा स्वामी आनन्द नामका सज्जन लाहोरबाट प्रकाशित हुने 'दैनिक मिलाप' नामको पत्रिकामा काम गर्थे । त्यस पत्रिकाको सम्पादक नै उनै थिए । उनी सन्न्यासी थिए, सन्न्यासी धर्मअनुसार बरोबर अज्ञात स्थानमा गएर ध्यान साधना गर्ने गर्थे । यसो गर्दा उनलाई आनन्द मिल्थ्यो, काममा ताजगी । यसैका लागि एक पटक काँगडातिर लागेका थिए । यस पटक भने भइदियो के भने उनी काँकडाको जंगलमा पर्ने कुनै गुफामा बसेर ध्यान साधना गर्न त लागे तर ध्यान लाग्न भने सकेन । कारण त्यतिबेला उनको लाहोरका एक प्रतिष्ठित व्यपारीसित कुनै विषयलाई लिएर वैमनस्य बढ्दै गएको थियो ।*

'हे आनन्द ! एकतर्फ तँ आत्मशान्तिका लागि ध्यान साधनाको बाटोमा लागेको छस् । यसैका लागि त्यति टाढाबाट आएको पनि हो । अर्कोतर्फ तेरो मनमा त्यस व्यापारीप्रति यति गहिरो घृणा र वैमनस्य छ कि कसै गरे पनि त्यसबाट उम्कन सकिरहेको छैनस् । यस्तो अवस्थामा कसरी मनले शान्ति पाओस् ध्यान लाग्न सकोस् । मनमा कसैप्रति दुर्भावनाको कसर रहुन्जेल जहाँ पनि यस्तै हुन्छ । ध्यानमा मात्र होइन कुनै पनि काममा सफलता पाउन सकिन्न । शान्तिका लागि स्थान परिवर्तन गरेर हुन्न मन परिवर्तन गर्नुपर्छ । तेरो अशान्तिको कारण त्यो अमुक व्यापारी होइन । तेरो आफ्नै मन हो । ऊ त अहिले पनि त्यहीँ छ, जहाँ छाडेर आएको थिइस् । जब उसप्रति दुर्भावना भरिएको मन भने अहिले पनि साथमै छ भने कसरी शान्ति पाउँछस् ।'

बल्ल उनको आँखा खुल्यो । त्यसपछि उनी एकै छिन पनि त्यहाँ बस्न सकेनन् । तत्कालै जुरुक्क उठे र झिटी गुन्डा बोकी लाहोरतर्फ लागे । उनलाई तत्कालै फर्केको देखेर अफिसका स्टापले सोधे-

'स्वामीजी ! तपाइँ ? अघिपछि त ५।७ पछि मात्र फर्कने गर्नुहुन्थ्यो । यस पटक त चाँडै नै आउनुभयो नि ? के पऱ्यो त्यस्तो ?' तर, उनले भने त्यसको उत्तर दिन आवश्यक ठानेनन् । एक शब्द पनि नबोली सरासर तिनै व्यापारीको घरमा पुगे, जोसित घृणा र वैरभाव थियो । यसरी स्वामीजीलाई अचानक आफ्नो आँगनमा देखेर व्यापारी छक्क परे । उनको आश्चर्यको सीमा नै रहेन । यसैको कारण बस्नुस्, कति कामले आउनुभयो ? भन्ने जस्ता सामान्य शिष्टाचार देखाउनेसम्मको हेक्का राख्न पनि सकेनन् तर स्वामीजीको भने त्यतातिर ध्यानै गएन । व्यापारीलाई देख्नासाथ शिरको पगरी उतारेर उनको चरणमा राख्दै भने-

'महाशय ! तपाईँसँग वैरभाव राखेर ठुलो भूल गरेँ । जे भए पनि गल्ती भइहाल्यो । जसले गरेको भए पनि त्यसको जिम्मा आफैँ लिन्छु । एउटा सामान्य नागरिकबाट भएको ठानेर माफी दिनुहोला ।' यसो भनिरहँदा उनको आँखाबाट आँसु झरिरहेको थियो । स्वामीलाई त्यस्तो अवस्थामा देखेर व्यापारीले पनि मन थाम्न सकेनन् । उनको आँखाबाट आँसु चुहिन थाल्यो । त्यसपछि उनले स्वामीजीलाई अँगालो हाल्दै भन्न लागे-

'होइन स्वामीजी ! त्यसो नभन्नुस् । गल्ती मेरो पनि थियो । मैले पनि तपाइँजस्ता सज्जनमाथि नराम्रो भावना राख्नुहुँदैनथ्यो । यस्तो अनुभव पहिलेदेखि नै नभएको पनि होइन तर आफ्नै अहमका कारण बोल्न सकिरहेको थिइन । आज तपाइँको आँखाबाट बगेको आँसुको धाराले बगाइदियो ।'

यति भनेर उनीहरू दुवै धेरै बेरसम्म अँगालोमा बाँधिएर रहे । अब दुवैको अहम् बगेर छुमन्तर भइसकेको थियो । स्वामीजी भोलिपल्ट नै ध्यान साधनाका लागि पुन: त्यतै लागे । यसले यति ठुलो जादु गऱ्यो कि चाँडै नै ध्यान लाग्यो । उनी केही दिन त्यतै बसी साधना गरेर फर्के । यता व्यापारीको अवस्था पनि यस्तै थियो । स्वामीजी प्रतिको वैरभावका कारण केही समयदेखि काममा सफलता मिलिरहेको थिएन । जब मनको मैलो पगालियो तब काममा दत्तचित्त भएर लाग्न सके र चाँडै नै उन्नति र प्रगति गर्दै जान थाले । यसरी शत्रुता रहुन्जेल उनीहरू दुवैले गन्तव्य भेट्न सकेका थिएनन् । मानसिक अशान्तिका कारण जता पनि असफलता भोग्नुपऱ्यो । जब शत्रुताको सट्टा मित्रताको हात बढाए तब दुवैले अपूर्व शान्तिको अनुभव गरे । यो एउटा दृष्टान्त हो । जहाँ पनि यही नियमले काम गरेको हुन्छ । कसैप्रति दुर्भावना रहुन्जेल मन शान्त हुँदैन । जब मन अशान्त हुन्छ तब कुनै पनि काममा सफलता पाउन सकिन्न । यही नै प्रकृतिको अकाट्य नियम हो ।

*-रातोपाटी डटकम*

निबन्ध — माधव पोखरेल गोज्याग्रे

# जुम्रा जन्म जयन्ती

बुझ्नेका लागि श्रीखण्ड नबुझ्नेका लागि खुर्पाको बिँड भन्ने उखान हामी सबैले सुनेकै छौँ । जुम्रा, उडुस, उपियाँ लगायतका किराहरूको शासन अन्त्य होस् । हाम्रो शिरमा सधैँ गिर खेल्न पल्केको झुसे जुम्राले हत्तु हैरान पार्दा पनि हामी त्यसको मिति पुर्याउन जन्म जयन्ती मनाउँदैनौँ । यही कमजोरीले गर्दा हाम्रो शिरमा सधैँ गिर खेल्न पल्केको जुम्राले साम्राज्य जमाउन सफल भएको छ । शिरमा मात्र होइन कतिपयको शरीरमा पनि जुम्राले पूर्ण अधिकार जमाएर हामीलाई नै प्रतिकार गर्न सक्ने क्षमता राख्न थालेको छ । अरूको साम्राज्य स्वीकार नगर्ने हाम्रो संस्कारमाथि आघात पुगेको छ । मानौँ जुम्रा सत्ताको कुर्सीमा लिसो टाँसिए झैँ टाँसिएर बसेको छ । जुम्राको यो प्रवृत्तिका विरुद्ध पनि हामीले जुम्रा जयन्ती मनाएर त्यसको विरोध गर्दै हाम्रो शिरको सत्ताबाट हटाउनु आवश्यक देखिएको छ ।

हाम्रो शिरमा गिर खेलेर रगतको भत्ता खान पल्केको जुम्राले लिखा चम्कनालाई हुर्काएर भविष्यमा सत्ता साझेदार बनाउन लागि परेको रहस्य पनि कतैबाट लुकेको छैन । हामीलाई यो पीडाबाट छुटकारा पाउन कति कठिन भएको छ भने सयौँ पटक सैर्ष गर्दा पनि जुम्रा टसमस गर्न सकेको छैन । लिसो झैँ टाँसिएपछि टसमस गर्ने कुरै भएन । फेरि त्यसरी टाँसिन मलजल त हामीले नै गरेका हौँ । सुरुदेखि नै शिरको सरसफाइ गरेको भए यो समस्या अहिले हामीले भोग्नु पर्ने थिएन । तर हाम्रो कमजोरीले नै यति बेला हामीले दु:ख पाएका छौँ । जुम्रालाई पहिले अधिकार दिएर हानी नोक्सानी हुन थालेपछि पछुताउने हाम्रो प्रवृत्तिले गर्दा झन् मौलाउने अवसर पाएको छ । आफ्नो शिरको सुरक्षा गर्न नसक्दा र सरसफाइमा ध्यान नदिँदा गन्धे शिर लिएर हामी हिँडिरहेका छौँ । शिर सफा भयो भने जुम्राले साम्राज्य जमाउन सक्दैन । जब हामी शिरकै शोभा खोज्छौ भने तब शिरलाई स्वच्छ सफा राख्नु आवश्यक ठान्छौ । हाम्रो शिरलाई हामीले नै अँध्यारोमा राखेका छौँ भने सुकिलो र उज्यालो शिर खोजेर कहाँ पाइन्छ त ? हामीले जुम्रा समातेर दुईतिरको चेपुवामा पारेर त्यसको मिति पुग्ने गरी जन्म जयन्ती नमनाएसम्म हामीलाई पिरिरहन्छ भन्ने मलाई लागेको छ । अब हामीले एक भव्य तयारीका साथमा यो जुम्राको जन्म जयन्ती मनाउने व्यवस्था गरेनौँ भने हामी पाताल भासिन सक्छौँ । जुम्राको जय मनाउने पनि होलान् । तर हामी जयभन्दा पनि अजय जन्म जयन्ती मनाएर मिति पुर्याउने तयारीमा जुट्ने काममा अघि सर्दा जुम्राको साम्राज्यवादबाट मुक्त हुन सक्छौँ । हामी आफ्नो अधिकार अर्कालाई हस्तान्तरण गरेर पनि बिग्रेका छौँ । शिरको अधिकार हामीले आफ्नो मताधिकारका माध्यमबाट जुम्रालाई हस्तान्तरण गरेका छौँ । हामीले दिएको अधिकार दुरुपयोग गरेर जुम्राले हाम्रो शिरमा एकाधिकार जमाएर मनपरी गरेको छ ।

अर्को महत्त्वपूर्ण कुरा के हो भने हाम्रो शिरको जुम्रालाई उडुस, उपियाँले नियन्त्रणमा लिएर एकाधिकार अन्त्य गर्ने प्रयास गरेको भए पनि त्यो हामीलाई स्वीकार्य हुँदैन । किनभने उडुस र उपियाँ भनेको दूधको साक्षी बिरालो भने झैँ हो । उडुस र उपियाँ जुम्राकै हित चिन्तक वर्गको भएकोले यी दुवैको भर पर्दा हामी नै गलत ठहरिन सक्छौँ । अहिले यस्तै गरी जुम्रा, उडुस र उपियाँको कब्जा परे पनि हाम्रो शिरमा गिर खेल्न छाडेका छैनन् । यस्तो अवस्थामा हामीले जुम्राको मिति पुर्याउन सकेनौँ भने हामी, हामी हुनुको अर्थ रहँदैन । जुम्रा जयन्ती मनाउँदा हामीले काला र सेता दुवै खाले जुम्राको मनाउनु पर्दछ । तर कतिपय जुम्राहरू बाहिर काला भए पनि भित्र हाम्रो रगत चुसेर रातो भएका हुन्छन् । कतिपय सेता जुम्राहरू बाहिर सेतो देखिए पनि भित्र कालो मिसिएको रगतमा हुन्छन् । जे सुकै होस् आखिरीमा यी सबै खाले जुम्राले हामीलाई सदियौँदेखि चुसिरहेका छन् । अझै पनि चुस्ने काममा लागि रहेका छन् । कतिपय जुम्राहरू हाम्रो शिरमा शरणार्थीका रूपमा आश्रित भएर बसेका छन् । ती शरणार्थी जुम्राले पनि उतिकै आसन जमाएर हाम्रो शिरमा शासन गरिरहेका छन् ।

हामीले यी जुम्राहरूलाई उन्मुलन गर्नका लागि दु:खी पारेर होइन खुसी पारेर हाम्रो शिरबाट जसरी हुन्छ भगाउनु पर्ने भएकोले जिउँदै जन्म जयन्ती मनाउनु पर्ने अवस्था आएको हो । जिउँदै दुई नङको चेपुवामा पारेर बाँसको घारोमा हालेर कात्रो ओढाएर मिति पुग्ने गरी जन्म जयन्ती मनाउँदा जुम्रा स्वर्ग पुगे झैँ गरी खुसी हुने भएकोले एउटा महोत्सव कै रूपमा जुम्रा जयन्ती आयोजना गर्न लागिएको हो । विश्वमा कहीँ नभएको जात्रा नेपालमा भने झैँ यो जुम्रा जन्म जयन्ती विश्वका लागि नौलो र अनुकरणीय हुनेछ । नेपालले अहिलेसम्म विश्वलाई चकित पार्ने र अन्य मुलुकले गर्न नसकेका कामहरू गरेर देखाउँदै आएको पनि छ । त्यस्तै काम मध्येको एउटा महत्त्वपूर्ण पाटो जुम्रा जन्म जयन्ती हो । यस्ता जन्म जयन्ती मात्र होइन सत्ता दुरुपयोग जयन्ती, सत्तारोहण जयन्ती, सत्ताबर्खास्त जयन्ती लगायतका धेरै खाले महोत्सवको आयोजना विश्व माझमा नेपालले गर्दै आएको छ । हाम्रो शिरको जुम्राले सत्ता पायो भने हरेक उपद्रव मच्चाउँछ भन्ने कुराको पुष्टि भएको छ ।

हाम्रै शिरको रगत चुसेर हाम्रै शिरमा दिसा पिसाब गरेर हामीलाई सताउँदै आएको छ । हाम्रै खाएर हामीलाई झुक्क्याएर, ठगेर, ढाँटेर, लुटेर जुम्राहरू किर्ना झैँ ढाडिएर फुलेल भएका छन् । यी फुलेल जुम्राहरू उडुस, उपियाँको कब्जामा परेको भए पनि एउटै वर्गका भएकोले साँठगाँठमा नरहलान् भन्न सकिन्न । आखिरी उडुस र उपियाँ पनि त्यही ड्याङका मुला न हुन् । पालो पर्खनु पर्छ, उडुस र उपियाँको पालो पनि आउँछ जन्म जयन्ती मनाउने । जुम्रा, उडुस, उपियाँ सबैलाई हामीले हाम्रो घरबाट जसरी हुन्छ लखेट्नै पर्छ । नत्र हामीले हाम्रो अधिकार उपभोग गर्न पाउँदैनौँ । हामीलाई धेरै सास्ती दिएका छन्, यी तीनै जातका विषालु किराहरूले । सयौँ वर्षदेखि हामी यी किराको चंगुलमा फसेका छौँ । उम्कन धेरै प्रयत्नहरू भए तर नयाँ किराहरू अझ विषालु भएर निस्कँदा समस्या झन् बल्झिरहेको छ । कतिपय किराहरू माकुराको जालमा नफसेका होइनन् । फसेकाहरू मरेको बिरालो झैँ भएर बसेका छन् । भर्खरै पनि केही जुम्रा, उडुस, उपियाँ जातका किराहरू कालो माकुराको जालमा फसेका छन् । तर फसाउने माकुरो आफैँ कालो जाल बुन्ने जातको भएकोले भर पर्नु पर्ने अवस्था भने देखिँदैन । त्यसर्थ सबै जातका किराहरूको जिउँदै जन्म जयन्ती मनाएर विश्वमा एक खाले नौलो र अनुकरणीय सन्देश दिनु उचित हुने छ ।

जुम्रा हामी सबैको शिरमा आसन ग्रहण गरेर शासन गरिरहेको सत्य तथ्य कतैबाट पनि लुकेको छैन । कुनै बेला उडुस, उपियाँले पनि हामीमाथि आसन ग्रहण गरेर शासन गर्छन् भन्ने कुरालाई हेक्का राखेर पक्का पक्की रूपमा लिएर यिनीहरूको मिति पुग्ने गरी जन्म जयन्ती मनाउनु उचित होला जस्तो लाग्छ । राज्यले नै पालन पोषण गरेर राखेका यी रैतीका लागि निकै हानिकारक विषालु किराहरूको उन्मुलन अति आवश्यक ठानिएको छ । उन्मुलन गर्न सकिएन भने यी किराहरूले रैतीलाई रेती लाएर सक्ने कुरामा विश्वस्त हुन कुनै आइतबार पर्खनु पर्दैन । जुम्राको जन्म जयन्तीका बारेमा अब बढी कुरा लेख्नु उचित नहोला । जुम्राको जन्म जयन्ती मनाउँदा सोही वर्गका अन्य किराहरूले पनि आफ्नो हविगत यस्तै होला भनेर सोच्न सक्छन् । बुझ्नेका लागि श्रीखण्ड नबुझ्नेका लागि खुर्पाको बिँड भन्ने उखान हामी सबैले सुनेकै छौँ । जुम्रा, उडुस, उपियाँ लगायतका किराहरूको शासन अन्त्य होस् ।

*-साहित्यपोष्ट डटकम*


## सामाजिक विकास डिभिजन कार्यालय तानसेन पाल्पाको अनुरोध

सामाजिक विकास डिभिजन कार्यालय तानसेन पाल्पाबाट सम्झौता भई निर्माण हुने विभिन्न योजना, कार्यक्रम सम्पन्न भएपछि भूक्तानीका लागि निवेदन दिदा निम्नानुसारका कागजपत्रहरु संलग्न गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**फरफारक गर्दा चाहिने आवश्यक कागजातहरु :-**

**१) सम्झौता फारम :**
- समिति गठन अन्य कागजात
- सम्झौता मिति र कार्य सम्पन्न गर्नुपर्ने मिति
- म्याद थपको पत्र

**२.** खर्च सार्वजनिक
**३.** स्थानीय तहको सिफारिस (कार्य सम्पन्न भएको)
**४.** प्राविधिकको लागत अनुमान, मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन (निर्माण)
**५.** विल, भर्पाइहरु, फोटोहरु :- (खरिदको हकमा जिन्सी खातामा दाखिला गरेको प्रमाण/पुस्तकको हकमा पुस्ताकालयमा दर्ता)
**६.** भूक्तानी पाउँ/फरफारकको पत्र
**७.** विद्यालय व्यवस्थापन समितिका निर्णयहरुको प्रतिलिपी/उपभोक्ता समितिबाट निर्माण गरिएको हकमा उपभोक्ता समितिका निर्णयहरु कम्तिमा २ वटा
**८.** विल भर्पाइहरुको सूची (लिस्ट)
**९.** पेश गरेका कागज पत्रहरुको चेक लिस्ट (सूची) ।

# भुस्याहा कुकुर नियन्त्रण गर्न बन्ध्याकरण अभियान



**रामपुर,** जेठ ३१/जिल्लाको रामपुरमा भुस्याहा कुकुरहरुको आतङ्क बढेपछि कुकुरहरुलाई बन्ध्याकरण गर्ने अभियान सञ्चालन गरिएको छ । भुस्याहा कुकुरबाट सर्न सक्ने प्राणघातक रेविज रोग नियन्त्रण तथा कुकुरको बढ्दो संख्या न्यूनिकरणका लागि रामपुरमा भुस्याहा कुकुरहरुको बन्ध्याकरण गर्ने अभियान सञ्चालन गरिएको हो ।

रामपुर नगरपालिकाको आर्थिक सहयोग र वातावरण तथा सामाजिक रुपान्तरणका लागि युवा नामक संस्थाको आयोजनामा सामुदायिक कुकुरहरुमा स्थायी बन्धयाकरण शिविर सञ्चालन भएको छ । दुई दिनसम्म चलेको शिविर बुधबार सकिएको छ । जहाँ कुकुरको बन्ध्याकरण तथा रेविज भ्याक्सिनेसनको सेवा दिइएको थियो । सामुदायिक कुकुरबाट पशु चौपायासँगै मानिसमा रेविज तथा अन्य प्राणघातक रोगको जोखिम बढ्न थालेपछि यस्तो शिविर सञ्चालन गरिएको जनाइएको छ । वातावरण तथा सामाजिक रुपान्तरणका लागि युवा संस्थाका अध्यक्ष विपिन भण्डारीले बताए । नगरभित्र भुस्याहा ककुर व्यवस्थापनको चुनौति बन्दै गएका बेला युवा संस्थाले देखाएको चासो र सक्रियता महत्वपूर्ण रहेको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले बताए । घरपालुवा जनावर भए पनि भुस्याहा कुकुरको कारण नगरमा आतंक फैलिरहेको बताउँदै उनले कुकरबाट सर्न सक्ने क्यान्सरको जोखिम न्यूनिकरणको लागि शिविरले महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे । नगर प्रमुख थापाले भने, 'भुस्याहा कुकुरको संख्या वृद्धि हुँदै जाँदा कतिपय स्थानमा पशु चौपायासँगै मानिसलाई टोक्नुका साथै बालबालिकालाई लखेट्ने लगाएतका घटना हुँदै आएको छ । कुकुरबाट रेविजसँगै क्यान्सर रोग सर्ने सम्भावना भएकाले यसको न्यूनिकरण र कुकुरको संरक्षणसँगै संख्या नियन्त्रण गर्न स्थायी बन्ध्याकरण विकल्प बनेको छ ।' ४ का वडा अध्यक्ष राम बहादुर रानाले कुकुर नियन्त्रणमा नगरले चालेको कदममा समुदायले देखाएको चासोप्रति आभार व्यक्त गरे । पशुचिकित्सक डाक्टर अविनाश क्षेत्रीले विश्वमा सन २०३० भित्र रेविज मुक्त गर्न विश्वभर कार्यक्रम सञ्चालन भैरहेको सन्दर्भमा नेपालमा पनि प्रयास हुँदै आएको बताए । कुकुरबाट रेविज रोगसँगै गुप्ताङ्गको क्यान्सर सर्न सक्ने भएकाले रोकथामको लागि यस्ता शिविर आवश्यक रहेको उनको भनाई छ । बन्ध्याकरण पश्चात कुकुरबाट रोग सर्न सक्ने सम्भावना न्यून हुनुका साथै कुकुर आक्रामक नहुने क्षेत्रीले बताए । रामपुर नगरपालिका पशु शाखा प्रमुख तुलसीराम काफ्लेले कुकुर आतंक नियन्त्रणको विकल्पमा शिविर सञ्चालन गरिएको बताए । शिविरमा ५० भन्दा बढी कुकुरको बन्ध्याकरण गरिएको छ । संस्थाका अध्यक्ष विपिन भण्डारीको अध्यक्षता, पशु प्राविधिक कमल आचार्यको स्वागत, नगरपालिका पशुशाखा प्रमुख तुलसीराम काफ्लेको सञ्चालनमा शिविर भएको थियो ।

# स्थानीय द्रुत प्रतिकार्य टोलीलाई अभिमुखीकरण



**पाल्पा,** जेठ ३१/जिल्लाको रामपुरमा स्थानीयस्तरमा रहेका स्वास्थ्य सम्बन्धी द्रुत प्रतिकार्य समिति र टोलीका लागि एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको आयोजनामा नगर भित्र रहेका द्रुत प्रतिकार्य समिति र टोलीका लागि अभिमुखीकरण कार्यक्रम प्रदान गरिएको हो ।

कार्यक्रममा रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले मानविय स्वस्थ्य सम्बन्धी विपद्मा स्वास्थ्यकर्मी नै लाग्नु पर्ने भन्दै महामारी फैलन नदिन समयमतापूर्वक काम गर्न आग्रह गरे । द्रुत प्रतिकार्य समिति र टोलीबिच समन्वय गरेर नगरमा आईपर्ने स्वास्थ्य सम्बन्धी विपद र महामारीमा गम्भिर भएर लागन समेत नगर प्रमुख थापाले टोलीलाई आग्रह गरे । प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपानले स्वास्थ्य सम्बन्धी आईपर्ने विपद् पहिले पुग्ने स्थानीय स्तरको प्रतिकार्य टोली रहेको भन्दै जनताको जिउधनको रक्षाका लागि विशेष ध्यान दिएर जिम्मेवारी निर्वाह गर्नुपर्नेमा जोड दिए । उनले अभिमुखीकरण कार्यक्रममा सिकाईएका कुरा व्यवहारमा उतार्न समेत आग्रह गरे । कार्यक्रममा द्रुत प्रतिकार्य समितिका काम कर्तव्य र अधिकार, महामारीको पहिचान, यसको रोकथाम, जोखिम पहिचान, टोली परिचालन हुने, ल्याब टेस्ट, सम्भावित विपद् लगायतका विषयमा जानकारी गराईएको थियो । जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा. राजेन्द्र गिरी, क्षय तथा कुष्ट रोग अधिकृत टिकाराम अधिकारी र ल्याब टेक्निसियन मधुसुदन भट्टराईले सहजीकरण गरेका थिए । स्वास्थ्य कार्यालय प्रमुख डा. गिरिको अध्यक्षता, स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# सन्दीप र दीपेन्द्र ग्लोबल टी-२० लिगमा छानिए



**काठमाडौं,** जेठ ३१/नेपाली राष्ट्रिय क्रिकेट टिमका खेलाडीद्वय सन्दीप लामिछाने र दीपेन्द्रसिंह ऐरीले क्यानडामा हुने तेस्रो संस्करणको ग्लोबल टी-२० लिग खेल्ने भएका छन् । आउने जुलाइ २० देखि सुरु हुने फ्रेन्चाइज प्रतियोगिताका लागि मंगलबार राति भएको ड्राफ्टमार्फत सन्दीपलाई सुर्रे जाग्वार्स र दीपेन्द्रलाई मोन्टरियल टाइगर्सले अनुबन्ध गरेको हो ।

ग्लोबल टी-२० लिग सन् २०१८ देखि सुरु भएको हो । सन् २०१९ मा दोस्रो संस्करण आयोजना भएयता प्रतियोगिता संचालन हुनसकेको थिएन । नेपालबाट सोमपाल कामी र सन्दीपले यसअघि नै यो प्रतियोगिता खेलिसकेका छन् । सन्दीपले पहिलो संस्करणमा मोन्टरियल टाइगर्स र दोस्रो संस्करणमा टोरन्टो नेशनल्सबाट खेलेका थिए । सन् २०१९ मा सोमपालले विन्नीपेग हकका लागि खेलेका थिए । यसपल्ट सन्दीप आबद्ध टिममा एलेक्स हेल्स, लिटोन दास, आयान अृजल खान लगायतका खेलाडी छन् । दीपेन्द्र आवद्ध मोन्टरियलमा बंगलादेशका सुपरस्टार सकिव अल हसन, वेष्ट इण्डिजमा आन्द्रे रसेल, यूएईका कप्तान मोहम्मद वासिम लगायतका खेलाडी छन् । दीपेन्द्रले पहिलोपल्ट विदेशी फ्रेन्चाइज लिग खेल्न लागेका हुन् । यसअघि नेपालका सन्दीप र सोमपालसहित पारस खड्का, कुशल मल्ल र करण केसीले विभिन्न विदेशी लिग खेलिसकेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# युवाहरुलाई स्वदेशमै उद्यमी बन्न आग्रह



**पाल्पा,** जेठ ३१/जिल्लाको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले युवाहरुलाई स्वदेशमै उद्यमी बन्न आग्रह गरेका छन् । रामपुर नगरपालिका र युवा स्वरोजगार व्याज अनुदानमा आवद्ध युवा उद्यमीहरुबिच भएको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले युवाहरुलाई स्वदेशमै उद्यमी बन्न आग्रह गरेका हुन् ।

नगर प्रमुख थापाले भने 'युवा स्वरोजगार अन्तर्गत ब्याज अनुदान कार्यक्रम नगर सरकारले सञ्चालन गरेको छ, त्यसको उपयोग गरी उद्यमी बन्नुहोस् ।' उनले यस अघि ३० लाखसम्मको ब्याज अनुदान दिदै आएकोमा आवश्यकता अनुसार परिमार्जन गर्दै अघि बढ्ने बताए । नगर प्रमुख थापाले स्थानीयस्तरमा उत्पादन भएका कृषि उपजहरुको बजारिकरणमा पनि सहयोग गर्नका लागि नगरपालिका लागि परेको बताए । उपप्रमुख बाल कुमारी थापाले निरन्तर रुपमा व्यासायिक रुपमा उद्यम गर्न युवाहरुलाई अनुरोध गरिन् । कतिपय कृषकहरु व्याज अनुदान पाउँदासम्म मात्रै कृषि तथा पशुपालन व्यवसाय गर्ने र त्यस पश्चात छाड्ने गरेको पाईएको भन्दै उनले व्यवसायलाई निरन्तरता दिई आर्थिक रुपमा आत्मनिर्भर बन्न आग्रह गरिन् । उनले व्यसायलाई निरन्तरता दिए सहयोग र अनुदानको कमी नहुने धारणा व्यक्त गरिन् । प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपानेले व्याज अनुदान कार्यक्रम नयाँ र नगरपालिकाको लागि उपलब्धिमूलक कार्यक्रम भएको उल्लेख गरे । उनले नगरपालिकाले आगामी दिनमा उत्पादकत्वको आधारमा कृषिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । आर्थिक विकास समितिका संयोजक दुर्गा देवि भण्डारी गौतमले मापदण्ड पुरा गरेर कृषि तथा पशु उद्यम गरे व्याज अनुदान प्रदान गरिने भन्दै दिगो रुपमा व्यवसाय सञ्चालन गर्न आग्रह गरिन् । कार्यक्रममा कृषि शाखा प्रमुख रामहरि पाण्डेले अनुदानका लागि आवश्यक मापदण्ड, अनुगमनको प्रक्रिया, कार्यक्रमको वर्तामान अवस्था र उपलब्धि लगायत युवा स्वारोजगार अन्तर्गत व्याज अनुदान कार्यक्रम बारे जानकारी गराए । नगरपालिकाले कृषि तथा पशु उद्यमी युवाहरुका लागि सञ्चालन गरेको युवा स्वरोजगार अन्तर्गतको व्याज अनुदान सम्बन्धी जानकारी दिन तथा आगामी नीति तथा कार्यक्रममा आवश्यक सुझाव लिनको लागि अन्तर्क्रिया गरेको हो ।.रामपुर नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक साझेदारी तथा पछौटेपन उन्मूलन समाज बेस नेपालको सहजिकरणमा सञ्चालित कार्यक्रम अन्तर्गत व्याज अनुदानमा आवद्ध युवाहरुबिच अन्तर्क्रिया भएको हो । नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षता,परियोजना संयोजक सञ्जु परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## आगलागी हुन नदिन चनाखो बनौं ।

- खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं ।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्याँस लिक भए नभएको यकिन गरौं ।
- ग्याँसको गन्ध आए बेवास्ता नगरौं ।
- सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं ।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्ररी निभाऔं ।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा भए नभएको जाँच गरौं ।
- घरवस्ती नजिकै पोखरी, ट्याङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
सडक पूर्वाधार विकास कार्यालय
तानसेन, पाल्पा

## सडक बन्द सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति २०८०/०२/३०*

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत रहेको तानसेन-रानीमहल सडकको अवलमा बाटो ढलान (RCC Pavement) गर्ने तयारी रहेकोले मिति २०८०/०२/३२ देखि मिति २०८०/०३/१५ गतेसम्म सडक बन्द रहने सूचना सम्बन्धित सबैमा जानकारी गराइन्छ । सो अवधिसम्म वैकल्पिक मार्ग: (१) अर्गली-कुडापानी-अर्तुङ्गा-छेर्लुङ्ग हुँदै रानीमहल सडक र (२) चिलाङ्गदी-खानीगाउँ-दैलातुङ्ग हुँदै रानीमहल सडक प्रयोग गरी निर्माण कार्यमा सहयोग गरिदिनुहुन सबैमा अनुरोध छ । सडक बन्द भएका कारण हुन जाने असुविधा प्रति हामी क्षमाप्राथी छौं ।

*कार्यालय प्रमुख*


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई